विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः मेलमिलाप सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. साजिदा खातुन सिद्धिकी
२.	मा. एशुदा कुमारी बराल
३.	मा. रेनुका काउँचा मा. डा. मो. फिरदोश आलम मा. पवित्रा बि.क.
४.	मा. नरेन्द्र कुमार केरुङ मा. मनमाया विश्वकर्मा
५.	मा. सुलभ खरेल
६.	मा. गणेश बहादुर विश्वकर्मा
७.	मा. सुशील खड्का
८.	मा. नितिमा भण्डारी (कार्की)
९.	मा. ज्ञानु पौड्याल
१०.	मा. मनिष झा
११.	मा. गुरु प्रसाद बराल
१२.	मा. पद्मा कुमारी अर्याल

संशोधनको विवरणः

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१.	मा. गणेश बहादुर विश्वकर्मा	२	**विधेयकको दफा २ को सट्टा देहायको दफा २ राख्नुपर्नेः-** "२. **मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा २ मा संशोधन** : मेलमिलाप सम्बन्धी ऐन, २०६८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,- (१) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः- "(छ) "मुद्दा हेर्ने निकाय" भन्नाले अदालत सम्झनु पर्छ र सो शब्दले अर्धन्यायिक निकाय वा न्यायिक समितिलाई समेत जनाउँछ।" (२) खण्ड (ञ) पछि देहायका खण्ड (ट), (ठ), (ड), (ढ), (ण) र (त) थपिएका छन्ः- "(ट) "सामुदायिक मेलमिलाप" भन्नाले परिच्छेद-६ बमोजिम सञ्चालन हुने सामुदायिक मेलमिलाप सम्झनुपर्छ। (ठ) "सामुदायिक मेलमिलाप केन्द" भन्नाले दफा ३४क. बमोजिम स्थापना भएको मेलमिलाप केन्द्र सम्झनुपर्छ। (ड) "स्थानीय न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ बमोजिमको स्थानीय न्यायिक समिति सम्झनुपर्छ। (ढ) "संस्थागत मेलमिलाप" भन्नाले दफा २३ बमोजिम मेलमिलाप गराउन मेलमिलाप परिषद्बाट स्वीकृति प्राप्त संस्थामा आबद्ध मेलमिलापकर्ताले दफा २५ बमोजिम स्वीकृत कार्यविधिका आधारमा गरिने मेलमिलाप सम्झनुपर्छ। (ण) "अदालतसँग आबद्ध मेलमिलाप" भन्नाले कुनै पनि अदालत वा न्यायाधिकरणको सम्बन्धित ईजलासले मेलमिलापको लागि पठाउने गरी
२.	मा. ज्ञानु पौड्याल		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			आदेश भएको विवादमा सम्बन्धित अदालत वा न्यायधिकरणमा सूचीकृत मेलमिलापकर्ताहरूद्वारा सञ्चालन हुने मेलमिलाप लगायतका कार्य सम्झनुपर्छ। (त) "मेलमिलाप सम्झौता" भन्नाले दफा १६ बमोजिम विवादको निरूपणका लागि गरिने मेलमिलाप सम्झौता सम्झनुपर्छ।"
३.	मा. पद्मा कुमारी अर्याल	२	**<u>मूल ऐनको दफा २ को खण्ड (छ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (छ) मा रहेका,</u>** - "न्यायिक समितिलाई" भन्ने शब्दहरूका सट्टा "स्थानीय तहलाई" भन्ने शब्दहरू राख्नुपर्ने।
४.	मा. सुशील खड्का	३	**<u>मूल ऐनको दफा ३ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (४ख) को सट्टा देहायको उपदफा (४ख) राख्नुपर्नेः-</u>** "(४ख) उपदफा (४क) बमोजिम छलफल गर्दा मुद्दाका दुवै पक्ष मेलमिलापद्वारा विवाद समाधान गर्न सहमत भएमा मुद्दा हेर्ने निकायले मेलमिलापद्वारा विवादको निरूपण गर्ने आदेश दिनेछ।"
५.	मा. नितिमा भण्डारी (कार्की)		
६.	मा. मनिष झा	३	**<u>मूल ऐनको दफा ३ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (४क) मा रहेका,</u>** - "छलफल गर्नुपर्ने छ" भन्ने शब्दहरूपछि "साथै मेलमिलापको प्रकृति, सम्भावित परिणाम, गोपनीयता तथा पक्षको स्वेच्छिक सहमतिको विषयमा समेत जानकारी गराउनु पर्नेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
७.	मा. पद्मा कुमारी अर्याल	३	**<u>मूल ऐनको दफा ३ को उपदफा (२) मा रहेका,</u>** - "प्रचलित कानुन बमोजिम मिलापत्र हुन सक्ने" भन्ने शब्दहरूको सट्टा विधेयकमा प्रस्ताव गरिएका "प्रचलित कानुन बमोजिम मेलमिलाप वा मिलापत्र हुन सक्ने" भन्ने

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			शब्दहरूपछि "देवानी दायित्व तथा बिगो खुलेको मुद्दा वा रिट निवेदन" भन्ने शब्दहरू थप गर्नुपर्ने।
८.	मा. मनिष झा	४	<u>मूल ऐनको दफा ५ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५ को उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर जटिल, वाणिज्यिक वा उच्च मूल्यका विवादमा आवश्यकताअनुसार विषयगत विशेषज्ञसहित एकभन्दा बढी मेलमिलापकर्ता नियुक्त गर्न सकिने छ।"
९.	मा. गणेश बहादुर विश्वकर्मा	५	<u>मूल ऐनको दफा ६ को उपदफा (५) पछि देहायको उपदफा (६) र (७) थप गर्नुपर्ने</u>:- "(६) उपदफा (५) बमोजिम मेलमिलापकर्ताको सूची तयार गर्दा महिला अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि, मानवअधिकारवादी, व्यावसायिक क्षेत्रका विज्ञहरूको नामसमेत समावेश गरी समावेशी प्रतिनिधित्व हुने गरी तयार गर्नुपर्ने छ। (७) उपदफा (३) वा (५) बमोजिम मेलमिलापकर्ताको रूपमा सिफारिस, नियुक्ति वा सहायता गर्दा मेलमिलापसम्बन्धी काम गर्ने संस्था वा स्थानीय तहले समावेशी प्रतिनिधित्व हुने गरी गर्नुपर्ने छ।"
१०.	मा. ज्ञानु पौड्याल		
११.	मा. साजिदा खातुन सिद्धिकी	७	<u>मूल ऐनको दफा ८ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ८क. को:-</u> - उपदफा (१) झिकी त्यसपछिका उपदफाक्रम मिलाउनुपर्ने।
१२.	मा. नरेन्द्र कुमार केरुङ मा. मनमाया विश्वकर्मा	७	<u>विधेयकको,</u> - दफा ७ झिकी त्यसपछिका दफाक्रम मिलाउनुपर्ने।
१३.	मा. सुलभ खरेल		
१४.	मा. गणेश बहादुर विश्वकर्मा		
१५.	मा. ज्ञानु पौड्याल		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१६.	मा. पद्मा कुमारी अर्याल		
१७.	मा. मनिष झा	७	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ८क. को उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>ः- "न्यायाधीशलाई मेलमिलापकर्ताको रूपमा तोक्दा कम्तीमा आधारभूत मात्र नभई तोकिएको मापदण्डबमोजिमको विशेष मेलमिलाप तालिम तथा आचारसंहिताको पालना अनिवार्य गर्नुपर्ने छ।"
१८.	मा. गणेश बहादुर विश्वकर्मा	८	<u>मूल ऐनको दफा १२ को खण्ड (छ) पछि देहायको खण्ड (ज), (झ), (ञ), (ट) र (ठ) थप गर्नुपर्ने</u>ः- "(ज) सम्पूर्ण मेलमिलाप प्रक्रियामा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायप्रति भेदभाव नगरी जिम्मेवार र जवाफदेहीपूर्ण व्यवहार गर्ने, (झ) मेलमिलापको प्रक्रियाको प्रत्येक चरणमा वार्ताको कार्यविधि तय गर्दा र कार्यान्वयनको चरणमा लैङ्गिक समानता सुनिश्चित गर्ने, (ञ) मेलमिलापको क्रममा व्यक्त भएका पक्षहरूको व्यक्तिगत, पारिवारिक जीवन तथा निजी विषयहरूसम्बन्धी गोपनीयता कायम गर्ने, (ट) पक्षहरूलाई कुनै पनि प्रकारको यौन दुर्व्यवहार नगर्ने नगराउने विषय सुनिश्चित गर्ने, (ठ) पक्षको गोपनीयता कायम गर्ने, मेलमिलापको क्रममा व्यक्त भएका विचारहरूलाई औपचारिक अखिलेखमा नराख्ने।"
१९.	मा. ज्ञानु पौड्याल	८	<u>मूल ऐनको दफा १२ को खण्ड (छ) पछि देहायको खण्ड (ज), (झ), (ञ), (ट), (ठ), (ड), (ढ), (ण), (त) र (थ) थप गर्नुपर्ने</u>ः-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(ज) सम्पूर्ण मेलमिलाप प्रक्रियामा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सीमान्तकृत समुदायप्रति भेदभाव नगरी जिम्मेवार र जवाफदेहीपूर्ण व्यवहार गर्ने, (झ) मेलमिलापको प्रक्रियााको प्रत्येक चरणमा वार्ताको कार्यविधि तय गर्दा र कार्यान्वयनको चरणमा लैङ्गिक समानता सुनिश्चित गर्ने, (ञ) मेलमिलापको क्रममा व्यक्त भएका पक्षहरूको व्यक्तिगत, पारिवारिक जीवन तथा निजी विषयहरू सम्बन्धी गोपनीयता कायम गर्ने, (ट) पक्षहरूलाई कुनै पनि प्रकारको यौन दुव्र्यवहार नगर्ने नगराउने विषय सुनिश्चित गर्ने, (ठ) पक्षको गोपनीयता कायम गर्ने, मेलमिलापको क्रममा व्यक्त भएका विचारहरूलाई औपचारिक अखिलेखमा नराख्ने, (ड) मेलमिलापकर्ताहरूले उच्च नैतिक चरित्र र प्रतिवद्धताका साथ भेदभावबिना पक्षहरूबिच सन्तुलित सम्बन्ध कायम राख्ने र सबैलाई समान रूपमा व्यवहार गर्ने, (ढ) मेलमिलापकर्ताले शान्तिपूर्ण रूपमा विवादलाई समाधान गर्न विवादित पक्षहरूलाई सहजीकरण गर्ने, (ण) मेलमिलापकर्ताहरूले पक्षहरूका विश्वास आर्जन गरी मेलमिलाप प्रक्रियामा पक्षहरूलाई पूर्ण रूपमा भाग लिन र आफूलाई स्पष्ट रूपमा व्यक्त गर्न मद्दत गरी स्वच्छ, निष्पक्ष र समानुभूति राखी मेलमिलाप प्रक्रियालाई सहजीकरण गर्ने, (त) मेलमिलापकर्ताहरूले ध्यान पक्षहरूको हित र तिनीहरूको सम्बन्धलाई सबलीकरण गर्ने विषयमा ध्यान केन्द्रित गर्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(थ) मेलमिलापकर्ताहरूले मेलमिलापका सबै प्रक्रियामा विवादका सबै पक्षहरूको सहभागिता सुनिश्चित गरी राजनीतिक, सामाजिक र आर्थिक रूपमा दिगो समाधान गर्न सहजीकरण गर्ने।"
२०.	मा. गणेश बहादुर विश्वकर्मा	९	<u>मूल ऐनको दफा १४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>ः- "(१क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ सँग सम्बन्धित विवाद तथा प्रचलित कानुन बमोजिम न्यायिक समितिले हेर्ने भनी तोकेको विवादमा सोही ऐनको दफा ४९ को उपदफा (१२) बमोजिम मिलापत्र गराउने प्रक्रिया सम्बन्धमा स्थानीय कानुनले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ।"
२१.	मा. ज्ञानु पौड्याल		
२२.	मा. गणेश बहादुर विश्वकर्मा	१०	<u>मूल ऐनको दफा १५ को उपदफा (५) को खण्ड (ङ) पछि देहायको खण्ड (च), (छ), (ज), (झ), (ञ), (ट), (ठ) र (ढ) थप गर्नुपर्ने</u>ः- "(च) पारिवारिक सम्पत्तिसम्बन्धी वा सामुदायिक विवादमा मेलमिलाप कारबाही प्रारम्भ गर्नुअगि मेलमिलापकर्ताले पक्षहरूबिच घरेलु हिंसा, प्रभाव, डर, त्रास वा गम्भीर शक्ति असन्तुलनको अवस्था भए नभएको पहिचान गर्न अनिवार्य रूपमा प्रारम्भिक विश्लेषण गर्नुपर्ने, (छ) घरेलु हिंसा, कुनै प्रकारको सुरक्षा जोखिम वा संरचनागत दबाबका कारण कुनै पक्षले स्वतन्त्र रूपमा वार्ता गर्न असक्षम रहेको पाइएमा त्यस्तो विवादलाई मेलमिलापको लागि अयोग्य मानी न्यायिक वा अन्य संरक्षणात्मक कानुनी प्रक्रियामा पठाउनुपर्ने, (ज) मेलमिलाप प्रक्रिया सम्बन्धित पक्षहरूले स्वेच्छिक, स्पष्ट, लिखित र सुसूचित मञ्जुरीका आधारमा मात्र सञ्चालन गर्नुपर्ने,
२३.	मा. ज्ञानु पौड्याल		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(झ) संरचनागत वा लैङ्गिक असमानताका कारण कुनै पक्षको अधिकार वा आवाज दबिन नदिन मेलमिलाकर्ताले प्रक्रियागत सन्तुलन कायम गर्दै समान सहभागिता सुनिश्चित गर्नुपर्ने, (ञ) मेलमिलापको क्रममा महिला वा जोखिममा रहेका पक्षलाई सहयोगी, सामुदायिक प्रतिनिधि या कानुनी सल्लाहकार साथमा राख्ने पूर्ण अधिकार हुने र सुरक्षित संवाद सुनिश्चित गर्न मेलमिलापकर्ताले पक्षहरूसँग छुट्टाछुट्टै छलफल सञ्चालन गर्न सक्ने, (ट) मेलमिलापकर्ताले लैङ्गिक विभेदपूर्ण वा रूढिवादी वा परम्परागत हानिकारक मूल्य मान्यतालाई संरक्षण गर्ने वा बढावा दिने प्रकृतिको भाषा प्रयोग गर्न, पीडितलाई दोषारोपण गर्ने वा पुनः पीडित गराउने भाषा वा सामाजिक सद्भाव कायम गर्ने बाहानामा कुनै पक्षको मौलिक अधिकार, मर्यादा वा शारीरिक सुरक्षामा प्रतिकूल असर पर्ने गरी सम्झौता गर्न दबाब दिन नहुने, (ठ) घरेलु हिंसा विरुद्धको कानुनी संरक्षणबाट वञ्चित गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायका व्यक्तिको हित प्रतिकूल वा दबाबपूर्ण परिस्थितिमा अंशवण्डा, सम्पत्ति वा अन्य कानुनी हक अधिकारबाट वञ्चित गर्ने प्रकृतिका कुनै पनि विषय मेलमिलाप सम्झौतामा समावेश गर्न नहुने, (ड) प्रचलित कानुनबमोजिम मिलापत्रसम्बन्धी कागजलाई अन्तिम रूप दिनुअगि लैङ्गिक समानता, लैङ्गिक हिंसा, भेदभावसम्बन्धी प्रचलित कानुन र संवैधानिक प्रावधानको पालना भए नभएको विषयमा अनिवार्य रूपमा कानुनी परीक्षण वा समीक्षा गर्नुपर्ने।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
२४.	मा. गणेश बहादुर विश्वकर्मा	११	<u>मूल ऐनको दफा १६ को उपदफा (५) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर देहायको अवस्थामा मुद्दा हेर्ने निकायले मिलापत्र गराइदिने छैनः- (क) दबाब, प्रलोभन, छलकपट वा तथ्य लुकाएर गराइएको मिलापत्रको लिखत, (ख) मिलापत्रको लिखतमा सम्झौताका सर्तहरूले अन्यायपूर्ण ढङ्गले कुनै पक्षलाई कानुनी हक अधिकार र आर्थिक जीविकोपार्जनबाट वञ्चित गरेमा, (ग) यस ऐन बमोजिम अनिवार्य कार्यविधिगत सुरक्षा, उपाय तथा लैङ्गिक उत्तरदायित्त्वको विषयलाई सम्बोधन नगरेको वा उल्लङ्घन गरेको भएमा।"
२५.	मा. ज्ञानु पौड्याल		
२६.	मा. गणेश बहादुर विश्वकर्मा	१४	<u>मूल ऐनको दफा २१ को उपदफा (४) पछि देहायको उपदफा (५) र (६) थप्नुपर्ने</u>:- "(५) दफा २० र यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ तथा दफा ४९ बमोजिम मेलमिलाप हुने विवादमा तथा प्रचलित कानुनबमोजिम न्यायिक समितिले हेर्ने विवादमा मेलमिलापका लागि स्थानीय तहको कानुनबमोजिम न्यायिक समितिले आफूले सूचीकृत गरेको मेलमिलापकर्ताबाट मेलमिलाप गराउन सक्नेछ र त्यसरी सूचीकृत मेलमिलापकर्ताले परिषद्बाट प्रमाणपत्र लिनु पर्ने छैन। (६) सामुदायिक मेलमिलापकर्ताको सूचीकरण सम्बन्धमा स्थानीय कानुनले व्यवस्था गरेबमोजिम हुनेछ र त्यस्ता मेलमिलापकर्ताले परिषद्बाट प्रमाणपत्र लिनुपर्ने छैन।"
२७.	मा. ज्ञानु पौड्याल		
२८.	मा. पद्मा कुमारी अर्याल	१४	<u>मूल ऐनको दफा २१ को उपदफा (२) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) मा रहेका,</u> - "मान्य हुनेछ र" भन्ने शब्दहरूपछि "मेलमिलापकर्ताको प्रमाणपत्र जारी भएपश्चात् कम्तीमा कुनै तहको मेलमिलाप गराएका पाँचवटा कागजात पेस गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा २१ को उपदफा (३) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) मा रहेका,</u> - "तोकिएको कार्यविधि पूरा गरी" भन्ने शब्दहरूको सट्टा "आधार र कारण प्रष्ट उल्लेख गरी सफाइ पेस गर्ने सात दिनको म्याद दिई स्पष्टीकरण चित्त बुझ्दो नभएमा" भन्ने शब्दहरू थप गर्नुपर्ने।
२९.	मा. नरेन्द्र कुमार केरुङ मा. मनमाया विश्वकर्मा	१५	<u>विधेयकको,</u> - दफा १५ झिकी त्यसपछिका दफाक्रम मिलाउनुपर्ने।
३०.	मा. गणेश बहादुर विश्वकर्मा	१५	<u>विधेयकको दफा १५ को सट्टा देहायको दफा १५ राख्नुपर्ने</u>:- "१५. <u>मूल ऐनको दफा २२ मा संशोधन</u> : मूल ऐनको दफा २२ को उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन्:- "(४) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (५) बमोजिम स्थानीय तहले तयार मेलमिलापकर्ताको सूची तयार गर्दा स्थानीय तहको कानुन बमोजिमको योग्यता पूरा गरेका व्यक्तिहरूको नाम समावेश गर्नुपर्ने छ र त्यस्तो सूचीमा समावेशी प्रतिनिधित्व हुने समाजसेवी, महिला अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिहरूको नाम समावेश गर्नुपर्ने छ। (५) दफा २० र २१ मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिम मेलमिलापकर्ताको रूपमा सूचिकृत हुन परिषद्बाट प्रमाणपत्र लिनु अनिवार्य हुने छैन।"
३१.	मा. ज्ञानु पौड्याल		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
३२.	मा. सुशील खड्का	१५	<u>मूल ऐनको दफा २२ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखुपर्ने</u>:- "(४) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा हुने मेलमिलापको लागि स्नातक उपाधि हासिल गरेको व्यक्ति उपलब्ध नभएमा, उपदफा (१) बमोजिमका अन्य योग्यता पूरा गरेको, कम्तीमा माध्यमिक शिक्षा उत्तीर्ण वा सोसरहको शैक्षिक योग्यता भएको तथा विवादका पक्षहरूले बुझ्ने भाषामा संवाद गर्न सक्ने व्यक्तिले मेलमिलापकर्ताको रूपमा काम गर्न बाधा पर्ने छैन।"
३३.	मा. नितिमा भण्डारी (कार्की)		
३४.	मा. गणेश बहादुर विश्वकर्मा	१६	<u>विधेयकको दफा १६ को सट्टा देहायको दफा १६ राखुपर्ने</u>:- "१६. <u>मूल ऐनको दफा २३ मा संशोधन</u> : मूल ऐनको दफा २३ को,- (१) उपदफा (१) को खण्ड (ग) र उपदफा (२) मा रहेका "वा नियमावली" भन्ने शब्दहरू झिकिएका छन्। (२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः- "(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थापना हुने मेलमिलाप केन्द्रले यस दफा बमोजिम स्वीकृति लिनुपर्ने छैन।"
३५.	मा. ज्ञानु पौड्याल		
३६.	मा. गणेश बहादुर विश्वकर्मा	१७	<u>मूल ऐनको दफा २४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>:- "(१क) उपदफा (१) बमोजिम मेलमिलापकर्ता हुन सक्ने व्यक्तिको सूची तयार गर्दा महिला अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि, मानवअधिकारवादी, व्यावसायिक क्षेत्रका विज्ञहरूको नाम समेत समावेश गरी तथा समावेशी प्रतिनिधित्व हुने गरी तयार गर्नुपर्ने छ।"
३७.	मा. ज्ञानु पौड्याल		

३८.	मा. गणेश बहादुर विश्वकर्मा	१९	**<u>विधेयकको दफा १९ को सट्टा देहायको दफा १९ राख्नुपर्ने</u>:-** "१९. **<u>मूल ऐनको दफा २६ मा संशोधन</u>** : मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः- "२६. **<u>परिषद्को गठन</u>** : (१) यस ऐन बमोजिम मेलमिलापबाट विवाद समाधान गर्ने कार्यलाई नियमन, प्रवर्धन र विकास गर्न, मापदण्डहरू निर्धारण गर्न, मध्यस्थकर्ताहरू तथा सेवा प्रदायकहरूलाई मान्यता दिन र मेलमिलाप र मिलापत्रको अभिलेख राख्न नेपाल सरकारले देहायबमोजिमको मेलमिलाप परिषद्को गठन गर्ने छः- (क) कानुन वा वैकल्पिक विवाद समाधान (विशेषगरी मेलमिलाप) गर्ने विषयमा कम्तीमा पन्ध्र वर्षको व्यावसायिक अनुभव भएको र सार्वजनिक जीवनमा ख्याती प्राप्त गरी उच्च नैतिक चरित्र भएको व्यक्तिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष (ख) मेलमिलाप वा वैकल्पिक विवाद समाधान प्रणालीसँग सम्बन्धित विषयमा कम्तीमा दश वर्षको व्यावसायिक अनुभव भएको र सार्वजनिक जीवनमा ख्याती प्राप्त गरी उच्च नैतिक चरित्र भएका व्यक्तिमध्येबाट समावेशी सिद्धान्तका आधारमा नेपाल सरकारले नियुक्त गरेको कम्तीमा एक जना महिलासहित दुई जना -सदस्य (ग) मेलमिलाप र विवाद समाधानको वैकल्पिक उपायको क्षेत्रमा अनुसन्धान वा अध्यापन गरेको कम्तीमा दश वर्षको अनुभव भएको र उच्च नैतिक चरित्र भएका व्यक्तिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -सदस्य

			(घ) मेलमिलापकर्ता वा मेलमिलाप कार्यमा संलग्न संस्था, न्यायिक समितिमा सूचीकृत मेलमिलापकर्ता, सामुदायिक मेलमिलापकर्ताको तर्फबाट समावेशी सिद्धान्तका आधारमा नेपाल सरकारले तोकेको कम्तीमा एक जना महिला र १ जना दलितसहित तीनजना प्रतिनिधि -सदस्य (ङ) नेपाल सरकारको अर्थ मन्त्रालयको सहसचिव -सदस्य (च) नेपाल सरकारको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सम्बन्धित महाशाखा हेर्ने सहसचिव -सदस्य-सचिव (२) अध्यक्ष र उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ। (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष र त्यस्तो सदस्यले ईमानदारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा परिषद्ले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ। तर त्यसरी निजलाई पदबाट हटाउनु अगि सफाइ पेस गर्ने मौका दिनु पर्नेछ। (४) परिषद्को गठन गर्दा कम्तीमा पचास प्रतिशत महिला तथा सीमान्तकृत समुदायको जनसङ्ख्याको आधारमा प्रतिनिधित्व अनिवार्य गराउनुपर्ने छ। यसरी प्रतिनिधित्व गराउँदा महिला, पुरुष तथा लैङ्गिक सीमान्तकृतहरूभित्रको विविधताको प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्ने छ। (५) परिषद्को सचिवालय काठमाडौँ उपत्यकाभित्र नेपाल सरकारले तोकेको स्थानमा रहने छ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
३९.	मा. ज्ञानु पौड्याल	१९	<u>विधेयकको दफा १९ को सट्टा देहायको दफा १९ राख्नुपर्ने</u>:- "१९. <u>मूल ऐनको दफा २६ मा संशोधन</u> : मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः- "२६. <u>परिषद्को गठन</u> : (१) यस ऐन बमोजिम मेलमिलापबाट विवाद समाधान गर्ने कार्यलाई नियमन, प्रवर्धन र विकास गर्न, मापदण्डहरू निर्धारण गर्न, मध्यस्थकर्ताहरू तथा सेवा प्रदायकहरूलाई मान्यता दिन र मेलमिलाप र मिलापत्रको अभिलेख राख्न नेपाल सरकारले देहायबमोजिमको मेलमिलाप परिषद्को गठन गर्ने छः- (क) कानुन वा वैकल्पिक विवाद समाधान (विशेषगरी मेलमिलाप) गर्ने विषयमा कम्तीमा पन्ध्र वर्षको व्यावसायिक अनुभव भएको र सार्वजनिक जीवनमा ख्याती प्राप्त गरी उच्च नैतिक चरित्र भएको व्यक्तिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष (ख) मेलमिलाप वा वैकल्पिक विवाद समाधान प्रणालीसँग सम्बन्धित विषयमा कम्तीमा दश वर्षको व्यावसायिक अनुभव भएको र सार्वजनिक जीवनमा ख्याती प्राप्त गरी उच्च नैतिक चरित्र भएका व्यक्तिमध्येबाट समावेशी सिद्धान्तका आधारमा नेपाल सरकारले नियुक्त गरेको कम्तीमा एक जना महिलासहित दुई जना -सदस्य (ग) मेलमिलाप र विवाद समाधानको वैकल्पिक उपायको क्षेत्रमा अनुसन्धान वा अध्यापन गरेको कम्तीमा दश वर्षको अनुभव भएको र उच्च नैतिक चरित्र भएका व्यक्तिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -सदस्य

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(घ) मेलमिलापकर्ता वा मेलमिलाप कार्यमा संलग्न संस्था, न्यायिक समितिमा सूचीकृत मेलमिलापकर्ता, सामुदायिक मेलमिलापकर्ताको तर्फबाट समावेशी सिद्धान्तका आधारमा नेपाल सरकारले तोकेको कम्तीमा एक जना महिला र १ जना दलितसहित तीनजना प्रतिनिधि -सदस्य (ङ) नेपाल सरकारको अर्थ मन्त्रालयको सहसचिव -सदस्य (च) नेपाल सरकारको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सम्बन्धित महाशाखा हेर्ने सहसचिव -सदस्य-सचिव (२) अध्यक्ष र उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ। (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष र त्यस्तो सदस्यले ईमानदारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा परिषद्ले निजलाई जुनसुकै बखत सो समितिको सदस्यबाट हटाउन सक्नेछ। तर त्यसरी निजलाई पदबाट हटाउनु अगि सफाइ पेस गर्ने मौका दिनु पर्नेछ। (४) परिषद्को गठन गर्दा कम्तीमा पचास प्रतिशत महिला तथा सीमान्तकृत समुदायको जनसङ्ख्याको आधारमा प्रतिनिधित्व अनिवार्य गराउनुपर्ने छ। यसरी प्रतिनिधित्व गराउँदा महिला, पुरुष तथा लैङ्गिक अल्पसङ्ख्यकहरूभित्रको विविधताको प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्ने छ। (५) परिषद्को सचिवालय काठमाडौं उपत्यकाभित्र नेपाल सरकारले तोकेको स्थानमा रहने छ।"
४०.	मा. पद्मा कुमारी अर्याल	१९	<u>**मूल ऐनको दफा २६ को उपदफा (१) को खण्ड (क) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (क१),**</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- झिक्नुपर्ने।
४१.	मा. एशुदा कुमारी बराल	२०	<u>मूल ऐनको दफा २७ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (च२) पछि देहायको खण्ड (च३) थप गर्नुपर्नेः-</u> "(च३) मेलमिलाप भएपश्चात् सम्बन्धित परिवारको अवस्था बुझ्न अनुगमन समयअवधि क्रमशः ३५ दिन वा ६० दिन वा १२० दिन तोक्ने,"
४२.	मा. ज्ञानु पौड्याल	२०	<u>मूल ऐनको दफा २७ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (च२) पछि देहायको खण्ड (च३), (च४), (च५), (च६), (च७), (च८), (च९), (च१०), (च११), (च१२), (च१३), (च१४), (च१५), (च१६), (च१७), (च१८), (च१९), (च२०), (च२१), (च२२), (च२३), (च२४), (च२५), (च२६) र (च२७) थप गर्नुपर्नेः-</u> "(च३) मेलमिलापकर्ताहरूको व्यावसायिक र आचारसम्बन्धी मापदण्ड तयार गरी लागु गर्ने, (च४) मेलमिलाप कारबाही सञ्चालन गर्ने कार्यविधिको तर्जुमा गरी लागु गर्ने, (च५) मेलमिलापकर्ताहरूको दर्तासम्बन्धी मापदण्ड तथा तोकिएको सर्तहरूको आधारमा दर्ता नवीकरण, निलम्बन वा रद्द गर्ने, (च६) मेलमिलाप सेवा प्रदायकहरू, ल फर्महरू, विश्वविद्यालयहरू र अन्य सरोकारवालाहरू तथा अन्य कुनै मेलमिलाप गर्ने संस्थाहरूको सहयोग तथा समन्वयमा मेलमिलापको तालिम तथा कार्यशाला सञ्चालन गर्ने, (च७) मेलमिलापसम्बन्धी सूचना, तथ्याङ्क, अनुसन्धान, अध्ययन र अन्य सम्बन्धित जानकारीहरू प्रकाशन गर्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(च८) नेपालमा गरिएका मिलापत्र सम्झौताहरूको विद्युतीय अभिलेखालय र त्यससँग सम्बन्धित अन्य अभिलेखहरू तोकिएबमोजिम राख्ने प्रबन्ध गर्ने, (च९) मेलमिलापका सम्पूर्ण प्रक्रिया, तालिम, तालिमसम्बन्धी पाठ्यक्रम, मापदण्ड, निर्देशिका लगायतलाई लैङ्गिक तथा सीमान्तकृत समुदायप्रति उत्तरदायी भएको सुनिश्चित गर्ने, (च१०) मेलमिलापका लागि राष्ट्रिय मापदण्डहरू तर्जुमा गर्ने, (च११) अदालतसँग सम्बन्धित मेलमिलापकर्ता तथा मेलमिलाप सेवा प्रदायकहरूलाई सूचीकृत गर्ने, (च१२) मेलमिलापकर्ताहरूको लागि तालिम तथा व्यावसायिक दक्षताका मापदण्डहरू निर्धारण गर्ने, (च१३) मेलमिलापकर्ताको लागि व्यावसायिक आचारसंहिता तथा नैतिक मापदण्डहरू विकास गर्ने, (च१४) मेलमिलापकर्ताको गम्भीर व्यावसायिक आचरणहीनता वा खराब आचरणको छानबिन गर्ने, (च१५) सङ्घ, प्रदेश र स्थानीय तहका निकायहरूबिच मेलमिलापसम्बन्धी नीतिको समन्वय गर्ने, (च१६) अदालत, न्यायिक समितिहरू र मेलमिलाप सेवा प्रदायकहरूबिच समन्वयमा सहजीकरण गर्ने, (च१७) राष्ट्रिय मेलमिलाप रणनीति विकास गर्ने, (च१८) मेलमिलाप सेवा गुणस्तरीयता, सेवा विस्तार लगायतको विषयमा अन्तर सरकार तथा सरोकारवालाहरूबिच संवादका लागि संयन्त्रहरू स्थापना गर्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(च१९) विभिन्न मेलमिलाप प्रणालीहरूबिच प्रेषण मार्गको सहजीकरण गर्ने, (च२०) मेलमिलापका सम्बन्धमा जनचेतना र समझदारी प्रवर्धन गर्ने, (च२१) मेलमिलापसम्बन्धी कार्यमा सहजताको लागि स्थानीय तहलाई आवश्यक पर्ने प्राविधिक सहायता उपलब्ध गराउने, (च२२) वञ्चित तथा जोखिममा रहेका समुदायका लागि मेलमिलापमा पहुँच पुऱ्याउन सहयोग गर्ने, (च२३) व्यावसायिक तथा विशिष्टीकृत मेलमिलापको विकासमा सहजीकरण गर्ने, (च२४) मेलमिलापसम्बन्धी एकीकृत तथा अद्यावधिक अभिलेख राखी सोको व्यवस्थापन गर्ने, (च२५) मेलमिलाप प्रणालीको कार्यसम्पादनको अनुगमन गर्ने, (च२६) मेलमिलाप सम्बन्धमा अनुसन्धान तथा अध्ययनहरू गराउने, (च२७) सामुदायिक मेलमिलापको विकास र विस्तारमा सहयोग पुऱ्याउने, (च२८) मेलमिलापसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने,"
४३.	मा. ज्ञानु पौड्याल	२१	**<u>विधेयकको दफा २१.</u>** - झिकी त्यसपछिका दफाक्रम मिलाउनुपर्ने।
४४.	मा. रेनुका काउँचा मा. डा. मो. फिरदोश आलम मा. पवित्रा बि.क.	२२	**<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २८क. मा देहायको उपदफा (५) थप गर्नुपर्ने</u>**:- "(५) वाणिज्य विवादका लागि अन्तर्राष्ट्रिय मानकअनुसारका विज्ञ मेलमिलापकर्ता, स्वायत्तता र पारदर्शी कार्यविधि सुनिश्चित गरिने छ।" **<u>मूल ऐनमा थप गर्न प्रस्ताव गरिएका दफा २८ख. र दफा २८ग.,</u>** - झिक्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
४५.	मा. गणेश बहादुर विश्वकर्मा	२२	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २८क. को उपदफा (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखुपर्नेः-</u> "(च) उत्पादन निर्माण तथा वितरणका क्षेत्रका व्यावसायिक संघ महासंघहरूको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तका आधारमा कम्तीमा १ जना महिला र १ जना दलितसहित परिषद्बाट मनोनीत दुई जना -सदस्य" <u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २८ख. को उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थप गर्नुपर्नेः-</u> "(ज) सम्बन्धित प्रदेशको प्रमुख न्यायाधिवक्ता -सदस्य"
४६.	मा. ज्ञानु पौड्याल	२२	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २८क. को उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपी त्यसपछिको खण्डक्रम मिलाउनुपर्नेः-</u> "(छ) समाजसेवी, महिला अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि, मानवअधिकारवादी, व्यावसायिक क्षेत्रका विज्ञहरू मध्ये परिषद्बाट मनोनित कम्तीमा एकजना महिला सहित दुई जना सदस्य" <u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २८ख. र दफा २८ग.,</u> - झिक्नुपर्ने।
४७.	मा. पद्मा कुमारी अर्याल	२२	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २८क. को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्नेः-</u> "(४) उपदफा (१) बमोजिमको वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्धन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(क) वाणिज्यसम्बन्धी विवादको मेलमिलापद्वारा विवादको निरूपण गर्न प्रोत्साहन हने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने, (ख) वाणिज्यसम्बन्धी विवादको लागि आवश्यक पर्ने मेलमिलापकर्ताको लागि दिइने तालिमको पाठ्यक्रम स्वीकृतिको लागि परिषद्मा सिफारिस गर्ने तथा त्यस्तो तालिम सञ्चालन गर्न संस्था तोक्ने, (ग) वाणिज्य विवादको मेलमिलाप सम्बन्धी अन्य काम कारबाही गर्नको लागि परिषद्लाई सिफारिस गर्ने।"
४८.	मा. गणेश बहादुर विश्वकर्मा	२३	**<u>मूल ऐनको दफा २९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा २९ को उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नुपर्ने</u>**:- "(ङ) अध्यक्ष, जिल्ला बार एकाई -सदस्य"
४९.	मा. ज्ञानु पौड्याल	२३	**<u>विधेयकको दफा २३,</u>** - झिकी त्यसपछिका दफाक्रम मिलाउनुपर्ने।
५०.	मा. सुशील खड्का	२३	**<u>मूल ऐनको दफा २९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>**:- (१) "मेलमिलापसम्बन्धी कामकारबाहीको जिल्लास्तरमा समन्वय, सहयोग तथा सहजीकरण गरी मेलमिलाप प्रक्रियामा आवश्यक भाषिक सहजीकरणसमेत सुनिश्चित गर्दै मेलमिलापसम्बन्धी काम कारबाहीमा एकरूपता ल्याउन तथा अनुगमन गर्न प्रत्येक जिल्लामा देहायबमोजिमको जिल्ला मेलमिलाप समन्वय समिति रहनेछः- (क) जिल्ला न्यायाधीश -संयोजक (ख) जिल्ला सदरमुकाम रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक -सदस्य
५१.	मा. नितिमा भण्डारी (कार्की)		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(ग) जिल्ला न्यायाधिवक्ता -सदस्य (घ) जिल्ला न्यायाधीशले तोकेको जिल्लास्थित मुद्दा हेर्ने निकायको प्रतिनिधि एकजना -सदस्य (ङ) सचिव, जिल्ला बार एकाई -सदस्य (च) सम्बन्धित जिल्लास्थित मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्था वा सूचीकृत मेलमिलापकर्ताको प्रतिनिधित्व हुने गरी जिल्ला मेलमिलाप समन्वय समितिबाट मनोनीत एकजना महिला -सदस्य (छ) श्रेस्तेदार, जिल्ला अदालत -सदस्य-सचिव
५२.	मा. पद्मा कुमारी अर्याल	२३	<u>मूल ऐनको दफा २९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा २९ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>:- "(४) उपदफा (१) बमोझिमको जिल्ला मेलमिलाप समन्वय समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछः- (क) विवादको निरूपण मेलमिलापद्वारा गर्न प्रोत्साहनको लागि जिल्लास्तरमा कार्यक्रम सञ्चालन गर्ने, (ख) जिल्लाभित्र सञ्चालन भएका मेलमिलाप सम्बन्धी कार्यक्रम तथा कामको अनुगमन गर्ने गराउने, (ग) न्यायिक समिति, मेलमिलाप सम्बन्धी सेवा प्रदान गर्ने संस्था तथा मेलमिलापकर्ताबिचमा समन्वय गर्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(घ) जिल्लामा भएका मेलमिलाप सम्बन्धी कामको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक भदौ पन्ध्र गतेभित्र परिषद्मा पठाउने, (ङ) मेलमिलाप सम्बन्धमा परिषद्ले तोकेको अन्य काम गर्ने गराउने।"
५३.	मा. सुशील खड्का	२५	**<u>मूल ऐनको दफा ३३ को उपदफा (४) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>:-** "(४) उपदफा (२) बमोजिमको समूह तयार गर्दा महिला, समुदायमा उपलब्ध दलित तथा आदिवासी जनजातिसमेतको प्रतिनिधित्व हुने गरी तथा सम्बन्धित समुदायमा प्रचलित भाषा वा भाषाहरूमा संवाद गर्न सक्ने व्यक्तिलाई समेत समेटी समावेशी सिद्धान्तको आधारमा तयार गर्नुपर्ने छ।"
५४.	मा. नितिमा भण्डारी (कार्की)		
५५.	मा. ज्ञानु पौड्याल	२५	**<u>विधेयकको दफा २५ को उपदफा (१),</u>** - झिकी उपदफाक्रम मिलाउनुपर्ने।
५६.	मा. ज्ञानु पौड्याल	२६	**<u>मूल ऐनको दफा ३४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>:-** "(१क) यस दफाबमोजिम सामुदायिक मेलमिलाप गराउने मेलमिलापकर्ताको लागि कम्तीमा १२ कक्षा उत्तीर्ण भएकोलाई प्रोत्साहित गरिनेछ। तर न्यूनतम शैक्षिक योग्यता अनिवार्य छैन।" **<u>मूल ऐनको दफा ३४ को उपदफा (६) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) मा रहेका,</u>** - "स्थानीय तहको मेलमिलापकेन्द्र वा त्यस्तो केन्द्र नभएको अवस्थामा सम्बन्धित वडा समितिको कार्यालयमा अभिलेख राख्नको लागि पठाउनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "स्थानीय न्यायिक समितिमा अभिलेख राख्नको लागि पठाउनु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा ३४ को उपदफा (६) पछि थप गर्न प्रस्ताव गरिएको उपदफा (६क) मा रहेका,</u> - "सम्बन्धित मेलमिलाप केन्द्र वा वडा समितिको कार्यालयले अभिलेख खडा गरी त्यस्तो लिखत सुरक्षित राख्नुपर्ने छ" भन्ने शब्दहरूका सट्टा "सम्बन्धित स्थानीय न्यायिक समितिले अभिलेख खडा गरी त्यस्तो लिखत सुरक्षित राख्नुपर्ने छ" भन्ने शब्दहरू राख्नुपर्ने।
५७.	मा. गुरु प्रसाद बराल	२६	<u>मूल ऐनको दफा ३४ को उपदफा (६) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) को सट्टा देहायका उपदफा (६) राख्नुपर्नेः-</u> "(६) स्थानीय न्यायिक समितिमा गई मिलापत्र गरी अभिलेख राख्नुपर्ने छ। यसरी गरेको मिलापत्रसक्षम न्यायिक निकायमा मिलापत्र भै वैधानिकता प्राप्त हुने छ।"
५८.	मा. ज्ञानु पौड्याल	२७	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ३४क. को उपदफा (२),</u> - झिकी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्ने।
५९.	मा. गुरु प्रसाद बराल	२७	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ३४क. मा देहायको उपदफा (४) थप गर्नुपर्नेः-</u> "(४) उपदफा (१) बमोजिम स्थापना हुने मेलमिलाप केन्द्रका लागि चाहिने मेलमिलापकर्ताको तालिम स्थानीय न्यायिक समितिले गर्न सक्ने छ।"
६०.	मा. पद्मा कुमारी अर्याल	२७	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ३४क. को उपदफा (३) मा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "त्यस्तो कानुनमा एकरूपता ल्याउनको लागि सङ्घीय मन्त्रालयले नमुना कानुन बनाई जारी गर्न सक्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
६१.	मा. गुरु प्रसाद बराल	२९	**मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ३६क. मा को दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप गर्नुपर्नेः-** "(२) मेलमिलाप प्रक्रिया सञ्चालन गर्दा देशका विभिन्न समुदायमा रहेको भाषाभाषिकाको मनोभावनाको वास्तविकता बुझ्नका लागि आवश्यकता महसुस गरी दोभाषेको व्यवस्था गर्न सक्ने छ।"
६२.	मा. ज्ञानु पौड्याल	३०	**मूल ऐनको दफा ४० को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ४० को उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्नेः-** "(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि डर, धाक, धम्की वा दबाब दिई मेलमिलापको लिखत वा मिलापत्र गराइएको प्रमाणित भएमा त्यस्तो मेलमिलापको लिखत वा मिलापत्र कार्यान्वयन हुने छैन।"
६३.	मा. ज्ञानु पौड्याल	३१	**मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४१क. को उपदफा (४) पछि देहायको उपदफा (५) थप गर्नुपर्नेः-** "(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि डर, धाक, धम्की वा दबाब दिई मेलमिलापको लिखत वा मिलापत्र गराइएको प्रमाणित भएमा विदेशमा भएको त्यस्तो मेलमिलापको लिखत कार्यान्वयन हुने छैन।"
६४.	मा. पद्मा कुमारी अर्याल	३१	**मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४१क. को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गर्नुपर्नेः-** "(ङ) मेलमिलापको लागि निवेदन दिँदा नेपाली भाषामा अनुवाद गरिएको हुनु पर्नेछ।"
६५.	मा. ज्ञानु पौड्याल	३२	**मूल ऐनको दफा ४६ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ४६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(१) मुद्दा हेर्ने निकायमा विचाराधीन रहेको र प्रचलित कानुनबमोजिम मिलापत्र हुन सक्ने कुनै मुद्दाका दुवै पक्षले मेलमिलापको लागि स्थानीय तहमा पठाउन माग गरी निवेदन दिएमा मुद्दा हेर्ने निकायले त्यस्तो मुद्दा मेलमिलापको लागि सम्बन्धित स्थानीय तहमा पठाउनु पर्ने छ।" **<u>मूल ऐनको दफा ४६ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ४६ को उपदफा (२) मा रहेका,</u>** - "तीन महिनाभित्र" भन्ने शब्दहरूपछि "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको प्रकृया पूरा गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
६६.	मा. गुरु प्रसाद बराल	३२	**<u>मूल ऐनको दफा ४६ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ४६ को उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्नेः-</u>** "(४) स्थानीय तहमा कानुनी सल्लाहकारको सट्टा कानुन अधिकृतको व्यवस्था गर्ने।"

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ६६ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख